नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# हुलाक सेवा विभाग

हुलाक निर्देशनालय, सुर्खेत

# जिल्ला हुलाक कार्यालय

# दैलेख

फोन नं.-०८९-४२०१४९/४२०५८४

नया बजार

दैलेख, नेपाल

प.सं: ०८३/८४

मितिः २०८३/०६/०९

ने.सं. ११४६ जँलाथ्व १४, शुक्रबार

**पत्र/चिठ्ठी लेखन प्रतियोगिता सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा **१५२औं विश्व हुलाक दिवस (सन् २०२६ अक्टोबर ९)** को अवसरमा यस कार्यालयद्धारा जिल्ला स्थित माध्यमिक विद्यालय स्तरीय पत्र/चिठ्ठी लेखन प्रतियोगिता आयोजना गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. पत्र/चिठ्ठीको शिर्षकः- "हुलाक सेवाको विगत र वर्तमान अवस्था तथा आगामी सम्भावनाहरु"

२. कार्यक्रमको उद्देश्यः-
- हुलाक सेवाको ईतिहास र वर्तमान अवस्थाको जानकारी तथा भविष्यमा हुलाक सेवालाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा राय सुझाब प्राप्त गर्नु ।
- हुलाकले प्रदान गर्ने सेवाहरुको बारेमा विद्यार्थीहरुलाई अवगत गराउनु ।
- हुलाकलाई Government Courier Service को रुपमा प्रयोग गरी हुलाकका सेवाहरुलाई कसरी अझ राम्रो बनाउन सकिन्छ भन्ने विषयमा सुझाब प्राप्त गर्नु ।
- विद्यार्थीहरुलाई हुलाक सेवा, हुलाक टिकट तथा चिठ्ठी/पत्रको महत्व बुझाउनु ।
- विद्यार्थीहरुमा चिठ्ठी/पत्र लेखन सीप र सिर्जनशिलताको विकास गर्नु ।
- आधुनिक युगमा सूचना प्रविधिको प्रयोग गरी हुलाक सेवालाई Smart Post का रुपमा स्थापित गर्नका लागी विद्यार्थीहरुबाट सुझाब र सुधारको खोजी गर्नु ।
- घरघरमा हुलाक मनमनमा हुलाक भन्ने नारालाई कसरी सार्थक बनाउन सकिन्छ भन्ने विषयमा सुझाब प्राप्त गर्नु ।
- उत्कृष्ट प्रतिस्पर्धीको पत्र/चिठ्ठीलाई पत्रपत्रिकामा प्रकाशन गरी विद्यार्थीलाई प्रोत्साहित/उत्प्रेरित गर्नु ।

३. प्रतियोगितामा सहभागिताः- दैलेख जिल्ला स्थित सामुदायिक/संस्थागत माध्यमिक विद्यालयहरु (१ विद्यालयबाट बढीमा २ जना विद्यार्थीहरु)
- कक्षा ९-१२ सम्मका विद्यार्थीहरुले सहभागिता जनाउन सक्नेछन् ।

४. पत्र/चिठ्ठीको शब्द सिमाः- १००० शब्द नघटाई लेख्नुपर्नेछ ।

५. पत्र/चिठ्ठीको भाषाः- नेपाली भाषामा लेख्नुपर्नेछ ।

६. प्रतियोगितामा सहभागिता हुने प्रक्रियाः- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरुले आफूले लेखेको पत्र/चिठ्ठी साथ आफ्नो नामथर, अध्ययनरत कक्षा, विद्यालयको नाम, संम्पर्क नंम्बर र ठेगाना उल्लेख गरी जिल्ला हुलाक कार्यालय दैलेखलाई सम्बोधन गरी रु १० को हुलाक टिकट टाँसी खामबन्दी गरी नजिकको हुलाक कार्यालयमा दर्ता गरी पठाउनुपर्नेछ ।

७. पत्र/चिठ्ठी पठाउने अन्तिम मितिः- प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफ्नो पत्र/चिठ्ठी मिति २०८३/०६/१९ गते सम्म नजिकको पालिका हुलाक कार्यालय वा जिल्ला हुलाक कार्यालय दैलेखमा दर्ता गर्नुपर्नेछ ।

८. मूल्याङ्कनका आधारहरुः-
- पत्र/चिठ्ठी प्रचलित ढाँचामा हुनुपर्नेछ ।
- पत्र/चिठ्ठी हस्तलिखित र मौलिक हुनुपर्नेछ ।
- पत्र/चिठ्ठीमा कार्यान्वयनयोग्य कम्तिमा १० वटा सुझाबहरु लेखिएको हुनुपर्नेछ ।
- मिति २०८३/०६/१९ गते सम्म दर्ता भएका पत्र/चिठ्ठीलाई मात्र मूल्यांकनमा समावेश गरिने छ ।

९. पुरस्कारः- प्रतियोगितामा प्रथम, द्धितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीहरुलाई विश्व हुलाक दिवसको अवसरमा देहायबमोजिम पुरस्कार प्रदान गरिनेछ ।
- प्रथम पुरस्कार प्रमाणपत्र सहित रु ५,०००।-
- द्वितीय पुरस्कार प्रमाणपत्र सहित रु ४,०००।-
- तृतीय पुरस्कार प्रमाणपत्र सहित रु ३,०००।-
- सान्त्वना पुरस्कार प्रमाणपत्र सहित रु २,०००।-

०८३/०६/०९

(निर्मला थापा)

हुलाक अधिकृत

निर्मला थापा
(हुलाक अधिकृत)